म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २४६ २०८० साउन १६ गते मंगलबार 1 Agust 2023, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

**जग्गा बिक्रिमा**

हेटौँडा उपमहानगरपालिका-९ गुम्बाचोक नजिकै १० (दश) धुर जग्गा र चौघडामा १०.५ (साढे दश धुर) को दुई टुक्रा घडेरी बिक्रीमा रहेकोले आवश्यक पर्ने व्यक्तिले तुरुन्त सम्पर्क गर्नु होला ।

**सम्पर्क नं.**
९८५१३३२३८०, ९८०११८६७०९

## २५ मिटर सडक विस्तार प्रकरण

# आत्मदाहको चेतावनीपत्र बुझेर द्वन्द्व बढाउँदै स्थानीय सरकार

सरेश श्रेष्ठ

हेटौँडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडाको रातोमाटेदेखि राप्तीपुलसम्मको सडकखण्डमा सडकको मध्यभागबाट दायाँ-बायाँ २५-२५ गज (२२ मिटर) विस्तार गर्न डिभिजन सडक कार्यालय हेटौँडाले ३५ दिने सूचना जारी गरेको छ । संघीय सरकारअन्तर्गतको डिभिजन सडक कार्यालयले ३५ दिने सूचना प्रकाशित गरेको म्याद सोमबार पूरा भएको छ । साउन १६ गते अर्थात आज मंगलबार देखि सडक विस्तारको कार्यलाई डिभिजन सडक कार्यालयले कसरी कार्यान्वयन गर्छ भन्ने आम चासो र जिज्ञासाको विषय छ । सडक विस्तारको विषय संघीय सरकारको जिम्मेवारीको विषय भए पनि हेटौँडा उपमहानगरपालिकाले भने अनावश्यक उपस्थिति जनाउँदै द्वन्द्व बढाउने काम गरिरहेको छ ।

हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामा आफैंले सडक विस्तार गर्ने जस्तो कहिले "आइ एम रेडी" भनेर भाषण गरिरहनुभएको छ भने सडक विस्तार हुँदा पीडित हुने समूहको गुनासो सुन्ने बेलामा भागिरहनुभएको छ । यत्ति मात्रैमा नगरप्रमुखको भूमिका सकिएको छैन । हुँदा हुँदा सोमबार एक समूहले सडक विस्तार नभए सामूहिक आत्मदाह गर्छौं भनेको विज्ञप्ति बुझ्दै कर्मचारीमार्फत समाचार लेखाएर सञ्चार माध्यमहरुमा प्रकाशित गर्नेसम्मको कार्य गरिरहनुभएको छ । तीन वटा महत्वपूर्ण चरणमा नगर प्रमुखले समस्या समाधान गर्न भन्दा समस्यालाई बल्झाउने काम गरिरहनु भएको छ ।

सडक विस्तारको मुद्दा दशकौंदेखिको हो । सडक विस्तारको मुद्दामा हेटौँडा उपमहानगरपालिका सरोकारवाला एक पक्षको रुपमा मात्रै रहेको छ । सडक विस्तारको आवश्यकता छ या छैन भन्ने आधारमा उपमहानगरपालिकाले आफ्नो भूमिकालाई एउटा पक्षको रुपमा मात्रै सीमित राख्नुपर्ने विपरित नगरप्रमुखको अग्रसरता अस्वभाविक छ । सडक विस्तारको कार्यमा संघीय सरकारको अग्रसरतालाई उपमहानगरले आफ्नो तर्फबाट आवश्यक सहयोग गर्ने र पीडित हुने आफ्नै नगरवासीका समस्या सुन्ने, बुझ्ने, सक्दा संघीय सरकारलाई क्षतिपूर्ति, राहतका लागि आग्रह गर्ने मात्रै हुनुपर्ने



सडक विस्तार नभए आत्मदाह गर्ने चेतावनीसहितको ज्ञापनपत्र नगरप्रमुखलाई बुझाउँदै हेटौँडा-८, कमानेका एक परिवार । तस्वीरः नगरप्रमुखको सचिवालय ।

हो । तर, नगरप्रमुख म तयार छु, अब सडक विस्तार गर्नुपर्छ, घरहरु भत्कनुपर्छ भनेर तम्सनु नगरवासीप्रति अन्याय मात्रै हो । नगरप्रमुख मीनाकुमारी लामाले बुझ्नु पर्छ कि यदि संघीय सरकारले चाहेन भने सडक विस्तारको कार्य रोकिनेछ । उपमहानगरपालिकाकी मेयरले मात्रै चाहेर सडक विस्तार हुन्न भन्ने स्पष्ट हुनुपर्छ ।

सडक विस्तारको कार्यमा भइरहेको ढिलाईले समस्यालाई बढाउँदै लगेको छ । जसलाई जो कसैले चाहेर पूर्णतः समाधान गर्न सक्ने अवस्था छैन । सडक विस्तारको आवश्यकतालाई लिएर सडक विस्तार गर्नुहुन्न भन्ने पक्षमा स्वयम् सडक विस्तार हुँदा पीडित हुने पक्ष समेत सहमत छन् । पीडित पक्षको माग भनेको मुआव्जा या क्षतिपूर्ति पाउनुपर्ने, व्यवसायीले व्यवसाय स्थानान्तरण गर्न समय दिनुपर्ने रहेको छ । पीडित पक्षका मागका बारेमा सक्दो सहजीकरण मात्रै गरिदिए पुग्ने स्थानीय सरकार आफैंले सडक विस्तार गर्नेजस्तो अनावश्यक अग्रसरता देखाउनु आफ्नै लागि हानिकारक मात्रै भएको छ ।

अनावश्यक अग्रसरता देखाएको नगर प्रमुखले नगरवासीले आफ्ना गुनासा, माग पेश गर्छु भन्दा नगरप्रमुख आफ्नो कार्यकक्षमा अनुपस्थित रहनुभयो । उहाँको अनुपस्थिति स्वभाविक या अस्वभाविक के थियो । तर, ढिलो-चाँडो नगरप्रमुखले नगरवासीको गुनासा, मागलाई आफैंले ग्रहण गर्नुपर्ने थियो । सडक विस्तार हुँदा पीडित हुने घरधनी, व्यवसायीले आफ्ना गुनासा र मागको ज्ञापनपत्र नगरका कार्यकारी प्रमुख अर्थात कर्मचारीलाई बुझाउन बाध्य भए । जनताले जनप्रतिनिधिलाई भेट्न पाएनन्, आफ्ना दुख, पीडा, गुनासा सुनाउन पाएनन् । आफ्ना गुनासा, माग आफ्ना प्रतिनिधिलाई औपचारिकरुपमा बुझाउन नपाएका नगरवासीले शनिबार हेटौँडाको बुद्धचोकमा आफ्ना गुनासा, मागहरु सार्वजनिक गरे ।

नगरवासी आफ्ना प्रतिनिधिले आफ्ना माग नसुनेको भनेर दुखित् भइरहेकै बेला सोमबार नगर प्रमुख मीना कुमारी लामाले एउटा यस्तो ऐतिहासिक ज्ञापनपत्र बुझ्नु भयो जसलाई जो कसैले आश्चर्य मान्ने छन् । सडक विस्तारको विषयलाई लिएर ठिक ठान्ने र बेठिक ठान्ने दुवै समूहले एउटा तथ्य के बुझेका छन् भने सडक विस्तारका बेलामा घरधनी र व्यवसायी दुवै मर्कामा पर्नेछन् । यो समयमा उनीहरुप्रति सकारात्मक भावना प्रस्तुत गर्नुपर्छ, सहयोग, सल्लाह, सुझाव दिनुपर्छ । घरधनीलाई बसोबास व्यवस्थापनमा, व्यवसायीलाई व्यवसाय व्यवस्थापनमा सक्दो सहयोग गर्नुपर्छ । यो आधारभूत मानवीय भावना पनि हो । तर, नगरप्रमुख मीना कुमारी लामाले सोमबार कार्यकक्षमा एक समूहको ज्ञापनपत्र बुझ्नुभयो । हेटौँडा-८, कमानेका एक परिवारले सडक नभत्काए आत्मदाह गर्ने चेतावनीसहितको ज्ञापनपत्र नगरप्रमुख लामाले आफ्नो कार्यकक्षमै बुझ्नुभयो ।

नगरप्रमुख लामाले आत्मदाह गर्ने चेतावनी दिने परिवारको ज्ञापनपत्र बुझ्ने क्रममा जनताद्वारा निर्वाचित राष्ट्रपति र प्रधानमन्त्रीको भित्ताको तस्वीरलाई पनि साक्षी राखेर, मिलाएर खिचिएको छ । सामान्यतः एउटा व्यक्तिले आत्मदाहको चेतावनी दिँदै गर्दा जो कसैले यसो गर्नुहुन्न भनेर सम्झाउनु पर्छ । पत्रको शीर्षकमा ज्ञापनपत्र भनेर लेखिएको भए पनि खासमा त्यो सरकार प्रमुखलाई चेतावनी पत्र हो । नेपालको कानुनले बाँच्न पाउने अधिकार लाई मौलिक हकमा समावेश गरेको छ । संविधानतः आत्मदाह गर्नु पनि अपराध हो । कसैले अपराध गर्छु भनेको लिखत ज्ञानी भएर ग्रहण गर्नु सरकार प्रमुखको नैतिकताले दिन्छ ?

आत्मदाह गर्ने चेतावनीको पत्र नगरप्रमुखको कार्यकक्षमा मात्रै सीमित रहेन । नगरप्रमुख मातहतकै कर्मचारी, नगरप्रमुखको सचिवालयकै कर्मचारीले नगरप्रमुखले शानदार, बहादुरीपूर्ण कर्म गरेको जस्तै गरी "सडक नभत्के सामुहिक आत्मदाह गर्छौं भन्दै नगर प्रमुखलाई ज्ञापन" शीर्षकको समाचार फोटोसहित सञ्चारमाध्यमहरुमा इमेलमार्फत प्रवाह गरिएको छ । नगरप्रमुखको सचिवालयका कर्मचारीले पठाएको समाचार र आत्मदाहको चेतावनीपत्र नगरप्रमुखले बुझ्दै गरेको तस्वीर अनलाइन माध्यमहरुमा केही मिनेटमै सार्वजनिक भयो । नगरप्रमुखले एउटा परिवारलाई आत्मदाह गर्न प्रेरित गर्ने गरी आएको समाचारलाई सञ्चार माध्यमले पनि गम्भीररुपमा नलिई सहजै सडक उद्घाटन गर्ने जस्तो, कुनै तालिम उद्घाटन गरेजस्तो सार्वजनिक गरेका छन् ।

ज्ञापनपत्र शीर्षकमा चेतावनीपत्र बुझाउन आउने हेटौँडा-८ का एक परिवारले राजमार्ग भत्कनुपर्छ या भत्कनु पर्दैन दुई मध्ये एक पक्षमा आफ्नो धारणा राख्न पाउँछ, त्यसो भन्न पाउनुपर्छ । तर, अरु कसैको घर नभत्के आत्मदाह गर्छु भन्ने अधिकार उसलाई छैन । यत्ति कुरा नबुझी नगर प्रमुख मीना कुमारी लामा र उहाँको सचिवालयबाट भएको गैरजिम्मेवारीपूर्ण कार्य आत्महत्या गर्न दुरुत्साहन गर्ने कार्यभित्र समेत पर्ने जोखिम छ ।

नगरप्रमुखको यस किसिमको गैरजिम्मेवारीपूर्ण सक्रियताले नगरवासी, वडावासीमा द्वन्द्वको स्थिति सिर्जना हुने निश्चित छ । सडक विस्तार नभए आत्मदाह गर्छु भन्दै नगरप्रमुखलाई ज्ञापनपत्र बुझाउने व्यक्तिको तस्वीरमा सडकविस्तार हुँदा पीडित हुने घरधनी, व्यवसायीले अनेकौं आरोपप्रत्यारोप लगाउन सुरु गरिसकेका छन् । उनीहरुको सुरक्षाको जिम्मेवारी कसले लिन्छ ?

# अनावश्यक ठाउँमा खर्च नगर्नुः मुख्यमन्त्री जम्कट्टेल

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले अनावश्यक र परिणाम नहुने ठाउँमा खर्च नगर्न निर्देशन दिनुभएको छ । सोमबार कार्यालयमा भएको मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा उहाँले यस्तो बताउनुभएको हो ।

सरकारले विनियोजन गरेको बजेट पचाउने खालको गतिविधि भएको बताउँदै कार्यालयका कर्मचारीहरुलाई परिणाममुखी काम गर्नसमेत निर्देशन दिनुभएको हो । कर्मचारीहरुले गत वर्ष भएका वार्षिक कार्ययोजना प्रस्तुत गरेपछि उहाँले उक्त कुरा भन्नुभएको हो ।

मुख्यमन्त्री जम्कट्टेलले प्रदेशको सुशासन सेवा केन्द्रको आफ्नो संरचना नभएकाले संरचना बनाउनुपर्नेमा जोड दिँदै हेटौँडा र काठमाडौंमा सुशासन सेवा केन्द्र स्थापना गरी सेवा प्रदान गर्ने जानकारी दिनुभयो । सुशासन सेवा केन्द्रमा अनावश्यक कर्मचारी रहेको गुनासो आइरहेको बताउँदै मुख्यमन्त्री जम्कट्टेलले कर्मचारी कटौती गर्नेसमेत बताउनुभएको छ । सुशासन केन्द्रले तालिम दिने भएकाले भूमिका हेरेर तालिम दिनसमेत सुशासन केन्द्रका सचिव शिवराम गेलाललाई निर्देशन दिनुभयो ।

कर्मचारी नीति निर्माण गर्ने बेला नयाँ कार्ययोजना ल्याउन डराएको बताउँदै नीति निर्माण गर्दा पञ्चवर्षीय योजना ल्याउनुपर्ने बताउनुभयो । उहाँले बागमती प्रदेशले प्रदेश योजना बैंक स्थापना गर्न लागेको बताउँदै मातहतका निकायलाई तिब्र गतिमा काम गर्न निर्देशन दिनुभयो । मुख्यमन्त्री जम्कट्टेलले प्रदेशका सम्पूर्ण करारका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा लैजान पर्ने बताउँदै सचिवस्तरीय बैठक बसी कार्य अगाडि बढाई साउन मसान्तभित्र काम गर्नसमेत निर्देशन दिनुभयो । कार्यालयमा केही कर्मचारीले अनैतिक गतिविधि गरेको आफूले जानकारी पाएको बताउँदै उहाँले त्यस्ता कर्मचारीलाई कारबाही गरिने चेतावनी दिनुभएको छ ।




# फरार अभियुक्त २० वर्षपछि पक्राउ



समाज संवाददाता

हेटौंडाः ५ वर्षीया नाबालिकालाई जबरजस्ती करणीपछि हत्या गरेर फरार रहेका हेटौंडा-११, सिमलटारका ४५ वर्षीय सोमबहादुर राईलाई प्रहरीले २० वर्षपछि पक्राउ गरेको छ । राईलाई शनिबार जिल्ला प्रहरी कार्यालय मकवानपुर र बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाबाट खटिएको प्रहरी टोलीले ललितपुर जिल्लाको गोदावरी नगरपालिका-१४ बाट पक्राउ गरेको हो ।

२०६० साल असोज १८ गते हेटौंडा-११, सिमलटारका प्रेमबहादुर थापा क्षेत्रीको ५ वर्षीया नाबालिका छोरीलाई राईले जबरजस्ती करणीपछि हत्या गरेका थिए । नाबालिकाको शव भोलिपल्ट हेटौंडा-१० स्थित राप्ती खोलामा ढुङ्गाले च्यापिएको अवस्थामा फेला परेको थियो । राईलाई जिल्ला अदालत मकवानपुरबाट ६ दिनको म्याद थप गरी जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# पाख्रिनको ज्यान गयो

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगर पालिकामा जीउमा मालिस गर्ने तेल सेवन गर्दा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा थाहा-५ स्थित सानोगाभाका ८२ वर्षीय राजकुमार पाख्रिन रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

विभिन्न जडिबुटीहरु बनाउँदै आएका पाख्रिनले शनिबार बिहान आफ्नै घरमा उक्त तेल सेवन गरेका थिए । तेल सेवनबाट बिरामी भएका पाख्रिनलाई उपचारका लागि हेटौंडा अस्पतालमा ल्याइएको थियो । थप उपचारका लागि मकवानपुर सहकारी अस्पताल लगिएकोमा आइतबार ११ बजेर ५ मिनेटको समयमा डाक्टरले पाख्रिनलाई मृत घोषणा गरेका हुन् । पाख्रिनले पानी सम्झेर तेल सेवन गरेको हुनसक्ने अनुमान गरिएको छ ।



समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



# सम्पादकीय

## वर्षे विदाको सदुपयोग

मकवानपुर जिल्लाका अधिकांश सामुदायिक विद्यालयहरुमा प्रथम त्रैमासिक परीक्षा सकिएको छ । जिल्लाको कैलाश गाउँपालिकाबाहेक अन्य पालिकाहरुमा वर्षे विदाअगावै प्रथम त्रैमासिक परीक्षा सञ्चालन गरिएको छ । अत्यधिक गर्मीका कारण गत जेठको तेस्रो साताबाट केही दिन विद्यालय बन्द भएका पालिकाहरुमा त्रैमासिक परीक्षा चलिरहेको छ भने अन्य पालिकाहरुमा वर्षे विदा सुरु भइसकेको छ । हेटौंडा उपमहानगरभित्रका धेरै सामुदायिक विद्यालयहरुमा पनि अहिले प्रथम त्रैमासिक परीक्षा चलिरहेको छ । एक–दुई दिनभित्रै सबैजसो सामुदायिक विद्यालयको त्रैमासिक परीक्षा समाप्त भएर वर्षे विदा सुरु हुनेछ । सामुदायिक विद्यालयहरुमा कम्तिमा दुई साता वर्षे विदा हुनेछ । हेटौंडाका संस्थागत विद्यालयहरुमा पनि त्रैमासिक परीक्षा सुरु हुँदैछ । त्रैमासिक परीक्षापछि संस्थागत विद्यालयहरु पनि केही दिन विदा हुनेछन् । सामान्यतया: परीक्षापछि विदा भएकाले अधिकांश विद्यार्थीमा विदामा औपचारिक पठनपाठनको चिन्ता हुनेछैन । यद्यपि कतिपय विद्यालयहरुले विदाका लागि विद्यार्थीलाई गृहकार्य तथा परियोजना कार्यहरु दिनसक्ने भएकाले केही समय त्यसमा लगाउनुपर्ने बाध्यता हुनसक्छ ।

विद्यार्थी जीवनमा पठनपाठन, परीक्षा र विदा नियमित र सामान्य प्रक्रिया हो । विद्यालय सञ्चालन भएको समयमा नियमित पठनपाठन हुन्छ । तोकिएको आवधिक र वार्षिक परीक्षाहरु विद्यार्थीले दिनैपर्छ । चाडपर्व तथा वर्षे/हिउँदे विदा पनि भइरहन्छन् । अहिले प्रथम त्रैमासिक परीक्षापछि कतिपय सामुदायिक विद्यालयका विद्यार्थी विदामा छन् । कतिपयको परीक्षा सकिनै लागेको छ र परीक्षापछि लगत्तै विदा हुँदैछ । परीक्षा सकिएपछि विद्यार्थीमा एकप्रकारको स्वच्छन्दता देखिन्छ । नियमित विद्यालयको पठनपाठन र परीक्षाको तयारीले एकोहोरो भएका विद्यार्थी परीक्षापछि उन्मुक्त भएको महसुस गर्नु स्वभाविक हो । विदामा विद्यार्थी केही समयका लागि भएपनि पढाइ/लेखाइको चिन्ताबाट मुक्त हुन्छन् । विदाको समयमा आराम गर्ने, आफन्तकहाँ भेटघाट गर्न जाने, कतै घुम्न जाने कार्यमा विद्यार्थी व्यस्त हुने गरेका छन् ।


विदाको समयलाई कतिपय विद्यार्थीले सदुपयोग गर्छन् भने केहीले दुरुपयोग पनि गर्ने गरेको पाइन्छ । परीक्षा दिएर बसेका विद्यार्थीले विदाको समयलाई आराम गर्ने तथा नयाँ कुरा सिक्ने अवसरका रुपमा उपयोग गर्नु आवश्यक छ । विदाको समयमा मोबाइलमा अनावश्यक कुरा हेर्ने, धेरै समय मोबाइल चलाउने वा टिभी हेर्ने, साथीहरुसँग बरालिने, खराब क्रियाकलापमा संलग्न हुने गर्नु उचित हुँदैन । विदामा पनि विद्यार्थीहरुले अध्ययनलाई निरन्तरता दिँदा राम्रो हुन्छ । विद्यालय खुलेको समयमा पाठ्यपुस्तक अध्ययन गर्नुपर्ने भएकाले विदाको समयमा आफ्नो रुचिअनुसारका उपयोगी पुस्तकहरुको अध्ययन गर्नु राम्रो हुन्छ । विद्यार्थीका लागि उपयोगी सामान्यज्ञान, कथा, कविता, निबन्ध, जीवनी र अन्य जीवनोपयोगी किताब, पत्रपत्रिका जोहो गरेर अध्ययन गर्दा विदाको सदुपयोग हुनसक्छ । यस्तै, विदाको समयमा आफ्नो रुचिअनुसारका सिर्जनात्मक क्रियाकलापमा ब्यस्त हुन सकिन्छ ।

विदालाई विद्यार्थीले फुर्सदको समय हो भनेर समय बर्बाद गर्ने काममा अग्रसर हुनु हुँदैन । एक चरणको परीक्षा सकिएकोमा मख्ख पर्दै नकारात्मक क्रियाकलाप तथा विकृतिप्रति विद्यार्थी आकर्षित भएमा त्यसले जीवन नै अन्धकारतिर लैजान सक्छ । विदामा विद्यालयले दिएका गृहकार्य गर्ने, विषयगत पाठनहरुको नोट तयार गर्ने, आफूलाई जटिल लाग्ने वा रुचि भएका पाठहरु अध्ययन तथा अभ्यास गर्ने गर्नुपर्छ । मोबाइल वा टिभीबाटै पनि शिक्षामूलक कुराहरु हेर्ने, पढ्ने गर्न सकिन्छ । परीक्षापछिको विदाको समयलाई अभिभावकसँगको सल्लाहमा विद्यार्थीले उपयोगी बनाउन सकेमा विदाको सदुपयोग हुनसक्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यापार–व्यवसाय मध्यमकारक रहेको छ ।
**वृष** : व्यवसायिक समस्या सुल्झने योग छ ।
**मिथुन** : आवश्यक यात्रा योगमा सरिक भइने छ ।
**कर्कट** : मन प्रफुल्ल र उत्साही बन्ने समय छ ।
**सिंह** : व्यापारमा नयाँ गति दिने समय योग छ ।
**कन्या** : बन्दव्यापार क्रय विक्रयबाट लाभ प्राप्त ।
**तुला** : अरुको हितमा लागि परिने समय योग छ ।
**वृश्चिक** : कामधन्दाबाट बढी भन्दा बढी फाइदा होला ।
**धनु** : वैदेशिक प्रयोजनका कामहरुबाट लाभ प्राप्त ।
**मकर** : व्यापार–व्यवसायका कामहरु ठिकै रहलान्
**कुम्भ** : पेशा र व्यवसायले मानसिक तनाब ल्याउँला ।
**मीन** : एउटै कामबाट दोहोरो फाइदा प्राप्त होला ।

# तरकारी र फलफूलको आयातमा लागेको भ्याट



नरसागर श्रेष्ठ



आर्थिक ऐन २०८०/८१ ले आलु, प्याज, फलफूललगायत अन्य तरकारीहरुको आयातमा मूल्य अभिवृद्धि कर (मूअक) लगाएको छ र सरकारले देशका कृषकहरुलाई संरक्षण दिने उद्देश्यले यो कर लगाएको दलिल पेस गरिरहेका छन् । विश्वमा मूअक लगाएका धेरै देशमा विभिन्न कारणले गर्दा कृषिमा मूअक छुट दिने वा लगाए पनि कम दरमा लगाउने गरेका धेरै दृष्टान्त पाइन्छन् ।

मूअकका पण्डितहरूले कृषकहरुसम्म कर प्रशासन पुग्न कठिन हुने, कृषकहरुले खरिद गरेका कुन–कुन वस्तुमा भुक्तानी गरेको करलाई इन्पुट करको रुपमा मान्यता दिने, कृषकहरुले कर कानुनले तोकेबमोजिमको लेखा अभिलेखहरु नराख्ने वा राख्ने क्षमता नभएको, नियमित रुपमा मूअक विवरण नबुझाउने, उनीहरुलाई दर्ता गराउन अपनाउनुपर्ने प्रक्रियाहरु आदिमा जटिलता देखा पर्ने कारणले गर्दा नै मूअकलगायत आयकरमा पनि कृषि क्षेत्रलाई करको दायरा बाहिर नै राख्ने गरेको राय दिँदै आएको पाइन्छ ।

भन्सार विभागबाट प्रकाशित तथ्यांक विश्लेषण गर्दा नेपालले वार्षिक ४० अर्ब मूल्यबराबरको तरकारी, फलफूल र आलुप्याज आयात हुने अनुमान गर्न सकिन्छ । सरकारको यो व्यवस्थापछि कर संकलन र करदाता दुवैको हिसाबबाट कराधार विस्तार हुने देखिन्छ । २०७९ असार मसान्तसम्म करिब २ लाख ९२ हजार करदाता मूअकमा दर्ता रहेकोमा यो व्यवस्थापछि करदाताको संख्या बढ्नेछ र सामान्य हिसाबबाट पनि यो व्यवस्थाबाट सरकारलाई वस्तुको आयातबाट प्राप्त हुने मूअकमा वार्षिक कुल ५ अर्बभन्दा बढी र कमले बढोत्तरी हुनेछ ।

करदाताहरूले इनपुट कर दाबी गरेपछि मात्र सरकारलाई यो व्यवस्थाबाट शुद्ध रूपमा कति राजस्व प्राप्त भयो भन्ने कुरा थाहा पाउन सकिन्छ । आन्तरिक राजस्व विभागको आ.व. २०७८/७९ को वार्षिक प्रगति प्रतिवेदनअनुसार पैठारी मूअकको योगदान ६२ प्रतिशत रहेको छ र आगामी दिनहरूमा यसको हिस्सा अरु बढ्नेछ । यसले सरकारको अप्रत्यक्ष कर माथिको निर्भरता अरू बढ्नेछ । मूअकको अडिट ट्रायलबाट आयकरको दायरासमेत बढ्न जाने हुनाले अहिलेको कर व्यवस्थामा सकारात्मक योगदान पुऱ्याउने देखिन्छ ।

करदाताको संख्या र यसलाई व्यवस्थापन गर्ने कर अधिकृतहरुको अनुपात नेपालमा अझै पनि उच्च रहेको छ । यो व्यवस्थाले कराधार विस्तार भएको छ । यो क्षेत्रका व्यवसायीहरुले आयात गरेको तरकारी, आलुप्याज र फलफूल तथा स्वदेशी फलफूल, तरकारी, आलुप्याजको छुट्टाछुट्टै अभिलेख राख्नुपर्ने हुन्छ, जसले करदाताको कर सहभागिता लागत बढ्न जान्छ र हाम्रा व्यवसायीहरुमा यो क्षमता रहेको पनि देखिँदैन । करदाताको मात्र होइन कि यसले कर प्रशासनको पनि कर सहभागिता गराउने लागत अरु बढ्न जाने निश्चित छ ।

नेपालमा मूअक ऐन लागू भएको २६ वर्षसम्म यी वस्तुहरूको आयातमा सरकारले मूअक नलगाएको हुनाले अहिले लगाएर यसलाई प्रशासन गर्ने कार्य त्यति सहज हुँदैन । यो क्षेत्रमा लागेका अधिकांश व्यवसायी स्थायी लेखा नम्बर (आयकरमा दर्ता) लिएर कारोबार गरिरहेको हुनाले मूअकमा दर्ता भएको प्रमाण पेस नगरुन्जेल भन्सारमा आफ्नो मालवस्तु छुटाउन नपाउने हुनाले करदाता दर्तामा खासै समस्या आउने देखिँदैन, यद्यपि कर फिर्ताको अनुचित लाभ उठाउन सेल कम्पनी दर्ता हुने सम्बन्धमा कर प्रशासन चनाखो रहनुपर्छ ।

करदाताबाट विवरण पेस गराउने, उनीहरुले माग गर्ने कर फिर्ता दाबी र करदाता गरिने अरु कर व्यवहारमा विभेदकारी व्यवहार अपनाउनुपर्ने देखिन्छ । सामान्यतया यो क्षेत्रका करदाताहरुलाई साना करदाताको रुपमा व्यवहार गर्नुपर्ने हुन्छ र सरकारले हार्डवेयरलगायतका धेरै वस्तुको सहरी क्षेत्रमा कारोबार गर्ने करदाताहरुलाई अनिवार्य रुपमा दर्ता गराउने प्रावधान यो व्यवसायको हकमा लागू गर्नु उचित हुँदैन । केही ठूला आयातकर्ताबाहेक अरु करदाताहरुलाई चौमासिक वा द्वैमासिक रूपमा कर विवरण पेस गर्ने व्यवस्था भएमा धेरै कर दाताले राहतको महसुस गर्छन् ।

कृषिजन्य वस्तुहरुमा पहिला मूअक नलगाएको र पछि मूअक लगाउँदा समस्या सिर्जना हुन्छ भन्ने कुरा पेरुको अनुभवबाट पनि थाहा पाउन सकिन्छ । पेरुमा कुनै समय मकैमा मूअक लगाइएको थियो । मकै खेती गर्ने अधिकांश कृषक सीमान्त कृषक परेको र कुखुरापालक र सुँगुर फर्म चलाउने कृषकहरु ठूला कृषक परेको तथा उनीहरुले मकैलाई इन्पुटको रुपमा उपयोग गरी इन्पुट कर दाबी गरेपछि पेरुमा समस्या सिर्जना भएको थियो । यो व्यवस्थाबाट मूअक छलीको सम्भावना देखेपछि पेरुको सरकारले मकैमा लागेको मूअक हटाउने निर्णयमा पुग्नुपऱ्यो ।

पेरुको सरकारलाई कुखुरा र सँगुर पालक कृषकहरुले तिर्ने मूअक त्यति धेरै नभएको तर मकै उत्पादक कृषकहरुलाई यसमा लगाएको मूअकले उनीहरुलाई संरक्षण दिएको ठानी यसलाई कायमै गर्नका लागि व्यापक प्रदर्शनहरु गरी दबाब दिएको थियो । युरोपियन युनियनले कृषिवस्तुमा मूअक लगाउने सम्बन्धमा प्रिजम्पटिभ क्रेडिटको व्यवस्था लागू गरेको थियो । यो व्यवस्थामा किसानले खरिदमा तिरेको कर र उसले बिक्रीमा उठाएको कर बराबर हुन्छ भन्ने मान्यता राखिएको हुन्छ । किसानले खरिदमा तिरेको करलाई पूर्ण रुपमा निर्मूल गर्ने यो प्रावधानको लक्ष्य थियो ।

रिचार्ड बर्ड र जेन्ड्रोनजस्ता विज्ञहरुको भनाइअनुसार यस्तो प्रावधान विकासोन्मुख र उदीयमान देशहरुको मूअक प्रणालीमा लागू गर्न सकिँदैन । नयाँ क्षेत्रमा लगाइएको यो कर सफलताका साथ लागू गर्न यो क्षेत्रमा कार्यरत पेसागत व्यवसायी संगठनहरुको ठूलो भूमिका हुन्छ । खास गरेर सरकारले आलुप्याज, फलफूल र तरकारी आयातमा संलग्न व्यापारीहरुको संगठनहरुसँग सहकार्य गर्न सकेको खण्डमा यसलाई प्रशासन गर्न सरल हुनेछ ।

करदाताहरुलाई मूअकको विषयमा शिक्षा दिन विवरण भर्नेलगायतका अभिलेखहरु राख्ने कार्यमा आन्तरिक राजस्व विभागले यस्ता संगठनहरुको सहभागितामा व्यापक रुपमा करदाता शिक्षा कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ । यसलाई अन्तर्राष्ट्रिय अनुभवबाट पनि पुष्टि गरेको छ । दक्षिण कोरियाले मूअक सन् १९७७ मा लागू गर्दा त्यहाँको उद्योग वाणिज्य संघसँग गरेको नियमित अन्तरक्रिया र सहयोगले गर्दा मूअक लागू गर्दा कोरियाको सरकारले अरु देशहरुमा जस्तो व्यापारी र व्यवसायीको प्रतिरोधको सामना गर्नुपरेन ।

यो व्यवस्थाले गर्दा गरिब मानिसहरुले उपभोग गर्ने आलुप्याज र तरकारीसमेतको आयातमा मूअक लाग्न गई नेपालको मूअक व्यवस्था अरु प्रतिगामी कर बन्न गएको छ । सामान्यतया मूअकलाई विश्वभरि नै उपभोगमा लाग्ने प्रतिगामी करको रुपमा लिने गरिन्छ । भारतमा यी वस्तुहरुमा किसान, डिलर र थोक तथा खुद्रा विक्रेताहरुलाई समेत यो कर त्यहाँको जिएसटी कानुनअनुसार छुट हुने व्यवस्था भएकाले अरु वस्तुहरुमा जस्तै यसमा पनि न्यून बिजकीरण हुने ठूलो सम्भावना हुन्छ र सरकारलाई अन्तर कराधिकार (इन्टरजुरिडिक्सनल) को बीचमा सूचना आदानप्रदान गरी यसको प्रशासन गर्ने कार्य पनि जटिल हुने देखिन्छ ।

(स्रोत: कारोबारदैनिक)

# ‘उ बेला जस्तो अहिलेका मान्छे दिन पुगेर मर्दैनन्’

रिकेश विश्वकर्मा




बिहानको सूर्य उदाएर घामका कलिला किरणले तिनै प्राकृतिक सुन्दरतालाई उज्यालो बनाइरहेको थियो । जाडोको समयमा म पनि तिनै कलिलो घामका किरणलाई पछ्याउँदै डाँडासम्म पुगेँ । छर्लङ्ग हिमाल अनि हरियाली प्रकृतिमा मेरा नयनहरू जुधिरहेका थिए ।

त्यहि बेला माथिबाट मेरो कानमा आवाज आयो ‘ए कान्छा, कान्छा !’ मैले बिस्तारै माथितिर फर्केर हेरेँ । एकजना बुढी आमाले बोलाउनुभएको रहेछ । म ‘हजुर आमा’ भन्दै उहाँको नजिकै गएँ ।

उहाँ हुनुहुन्थ्यो काभ्रेपलाञ्चोक जिल्लाको भुम्लु गाउँपालिका वडा नम्बर २ कि चन्द्रकुमारी खड्का । उमेरले अहिले ९१ वर्ष हुनुभएको छ ।

उनै आमासँग भलाकुसारी गर्न म नजिकै गएर बस्न थालेँ । तर बस्न नपाउँदै आमाले भन्नुभयो, ‘बाबु अहिलेका मान्छेले त मान्छे मार्छन् रे, जहाँ पायो त्यहिँ नहिँड है सबैलाई विश्वास गर्नु हुँदैन मोरा ।’

आमाका ती शब्दले कता कता मलाई मनमा चिसो पस्यो । मैले सोचिरहेँ, आमाले फेरि थप्नु भयो, ‘कान्छा साना कलिला बच्चालाई त पोहोर परार मारेछन् रे है कठै ! हाम्रो पालामा त त्यस्तो हुँदैन थियो,’ गहभरी आँसु पार्दै भन्नुभयो । आमा आत्तिएझैँ भन्न थाल्नुभयो, ‘बाबु हाम्रो माइला कता गएछ ?’ त्यति भनेपछि छोरा गएको बाटोतिर एकोहोरो हेरिरहनुभयो ।

आमाका कुरा सुनेर मेरो मनमा तिनै कलिला बालबालिकाहरू सडकमा मारिएका व्यथाले उकुसमुकुस बनाइरहेको थियो । आमाले फेरि थप्दै भन्नुभयो, ‘बाबु उबेलाको जस्तो अहिलेका मान्छे दिन पुगेर मर्दैनन् । मान्छेले नै दिन पुर्याइदिन्छन्, मार्दिन्छन् । बाबु जसको शक्ति उसैको भक्ति भन्दै कहिले धर्म छोड्नु हुन्न है कान्छा । हामी मर्ने बेलामा अरु केही लाँदैनौ । धर्म र पाप छुट्टाएर जान्छौं ।’

उहाँको भनाइ थियो, ‘थाहा छ धर्म गर्ने पापमा पर्दैन रे ! हलो जोत्ने खानाबिना मर्दैन रे ! आमाबाउ किन्न गए पाईंदैन । आमाबाउको वास्ता गर है कान्छा !’ यति भन्दै आमा उठेर घरतिर लाग्नुभयो ।

ती आमाका भनाइभित्र लुकेको चित्कारले बिहानको कलिलो घाम बिस्तारै चर्किएसँगै मन पनि चर्काइरहेको थियो मेरो । एकछिन सोचिरहेँ, ती आमाले भनेका कुराहरु साँच्चै आज मेरो देशमा उमेर पुगेर मर्न समेत नपाउने भइसकेको हो त ? मेरो मनले सम्झियो निर्मला हत्याकाण्डलगायत कैयौं बलात्कृत भएर ज्यान गुमाएका बालिकाहरु । तिनै आमाले न्यायको निम्ति बगाएका बलिन्द्रधारा आँशुहरु, सडकमा स्वर सुकाइ सुकाइ चिच्याउँदै र छट्पटाउँदै न्याय खोजिरहेकाहरूको भीड ।

म झसङ्ग भएँ, कतै म सपनीमा त छैन । होइन म विपनामै मेरो देशमा भइरहेको जुन विकृति छ, आज ९१ वर्षकी आमाले अर्ति उपदेश दिँदै जोगिन आग्रह गर्नुभएको हो ।

मेरो मनले भन्यो, ‘सरकार बिन्ति छ, आमाको आँशुको भाषा बुझिदेउ । ती कलिला बलात्कृत बालिका कहिलेबाट उमेर रहुन्जेल बाँच्न पाउँछन् ? हरेक आमाको चित्कार सुनिदेउ सरकार !

(स्रोत: इकागज)

# रिजालले सम्हाले प्रहरी प्रमुखको जिम्मेवारी



*प्रहरी उपरीक्षक रिजाललाई स्वागत गर्नुहुँदै डिएसपी टेकबहादुर कार्की।*

समाज संवाददाता

हेटौंडाः प्रहरी उपरीक्षक सीताराम रिजालले मकवानपुरको प्रहरी प्रमुखको जिम्मेवारी सम्हाल्नुभएको छ। आइतबार जिल्ला प्रहरी कार्यालय मकवानपुरमा उपस्थित भएर रिजालले प्रहरी प्रमुखको जिम्मेवारी सम्हाल्नुभएको हो।

नेपाल प्रहरी प्रधान कार्यालय मानवस्रोत विकास विभाग कर्मचारी प्रशासन शाखाको साउन ८ गतेको पत्रादेशानुसार जिल्ला प्रहरी परिसर काठमाडौंबाट रिजाललाई मकवानपुरमा काज सरुवा गरिएको थियो।

यसअघि मकवानपुरका प्रहरी प्रमुखको जिम्मेवारी सम्हाल्नुभएका वामदेव गौतमले साउन ८ गते नै उमेरहदका कारण सेवाबाट अवकाश पाउनुभएको थियो।

# प्राधिकरणको वार्षिकोत्सवमा वृक्षरोपण



समाज संवाददाता

हेटौंडाः नेपाल विद्युत् प्राधिकरणले वार्षिकोत्सवको अवसरमा वृक्षरोपण गरेको छ। नेपाल विद्युत् प्राधिकरण, हेटौंडामा वृक्षरोपण गरिएको हो।

विद्युतीय बागमती प्रदेश र बागमती प्रदेश डिभिजन कार्यालय भूटनदेवीले आयोजना गरेको कार्यक्रममा ३ सय ६ वटा विरुवा रोपिएको विद्युत् प्राधिकरणका प्रशासकीय अधिकृत रामचन्द्र पौडेलले जानकारी दिनुभयो। वृक्षरोपण कार्यक्रममा प्राधिकरणका ८० जना कर्मचारीहरुले निम, टाँकी, बकाइनो तथा विभिन्न फल र फूलका विरुवा रोपेका हुन्।

नेपाल विद्युत् प्राधिकरणको भदौ १ गते ३८ औं वार्षिकोत्सव अवसरमा वृक्षरोपण गरिएको हो। वृक्षरोपणमा नेपाल विद्युत् प्राधिकरण बागमती प्रदेश डिभिजन कार्यालय प्रमुख दीपेन्द्रराज दुवेदी र हेटौंडा वितरण केन्द्रका प्रमुख नरेन्द्रवीर श्रेष्ठको उपस्थित रहेको पौडेलले जानकारी दिनुभयो।

वार्षिकोत्सवको अवसरमा मंगलबार बाट ४ दिन ब्याडमिन्टन प्रतियोगिता हुने बताइएको छ। यस्तै, साउन २६ गते सरसफाइ कार्यक्रम र २७ गते रक्तदान कार्यक्रम गरिने पौडेलले जानकारी दिनुभयो।

# हाम्रो घरका बालबालिकालाई खीर

समाज संवाददाता

हेटौंडाः रोटरी क्लब अफ मकवानपुर र रोट्र्याक्ट क्लब अफ मकवानपुरले साउन १५ गते खीर खाने दिनको अवसरमा सोमबार हेटौंडा-५, सिचाइटोलस्थित हाम्रो घर बालगृहमा आश्रित २४ जना बालबालिकालाई खीर खुवाएको छ। क्लबका सचिव मनोज ढोडारीको संयोजकत्वमा खीर खुवाउने कार्यक्रम भएको हो।

क्लबका अध्यक्ष अन्जनी कुमार पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा क्लबका संस्थापक अध्यक्ष ज्ञानकृष्ण प्रजापतिको पनि उपस्थिति रहेको थियो। कार्यक्रममा क्लबका निवर्तमान अध्यक्ष कृष्ण बहादुर कार्की, पूर्वअध्यक्ष विजयलाल श्रेष्ठ, रोट्र्याक्ट क्लब अफ मकवानपुरका संस्थापक अध्यक्ष गणेशदर्पण अधिकारी, अध्यक्ष राजन कटुवाल लगायतको उपस्थिति रहेको थियो। हाम्रो घर बालगृहमा ३ बर्षदेखि १६ बर्ष उमेरका बालबालिकाहरु आश्रित छन्।

# प्रावि शिक्षकको विषयगत परीक्षा असोज १३ गते हुने

**काठमाडौंः शिक्षक सेवा आयोगले प्राथमिक तह शिक्षक पदको आगामी असोज ६ गते तोकिएको विषयगत परीक्षा १३ गतेलाई सारेको छ। सोमबार सूचना प्रकाशित गरी शिक्षक सेवा आयोगले लोकसेवा आयोगले लिने खरिदार पदको परीक्षासँग जुध्न गएकाले १३ गतेलाई सारिएको जानकारी दिएको छ।**

**परीक्षा हुने समय र स्थान भने परिवर्तन गरिएको छैन। आयोगले प्रावि तहमा शिक्षक पदको लागि ६ हजार १३ रिक्त दरबन्दीमा पदपूर्तिका लागि परीक्षा सञ्चालन गर्न लागेको हो।**

*(स्रोतः अनलाइनखबर)*

# साउन १५: खीर खाएर मनाइयो

समाज संवाददाता

**हेटौंडाः साउन १५ का दिन घरघरमा खीर खाएर मनाइएको छ। नेपालीहरुले परम्परादेखि यस दिनलाई खीर खाने पर्वको रुपमा मनाउँदै आएका छन्।**

**मध्य वर्षाको समय भएकाले साउन महिनामा लामो झरी पर्ने गर्दछ। पानीले भिजेको शरीरलाई तातो खीरले फाइदा गर्ने भएकाले साउन १५ गते खीर खाने प्रचलन रहेको छ। मरिच, ल्वाङ, सुकुमेल, दालचिनी, जाइफललगायत मरमसला हालेर खीर पकाउने गरिन्छ। खीरलाई थप स्वादिष्ट बनाउन काजु, किसमिस, बदम, नरिवलसमेत हाल्ने गरिएको छ। यसरी स्वास्थ्यवर्धक र पौष्टिक खानेकुरा हालेर बनाइने खीरले स्वास्थ्यलाई राम्रो गर्ने विश्वास रहेको छ।**

# मकवानपुर बालविद्या सदन

## हेटौंडा-१८, खड्कुले

## संक्रामक डेंगुसम्बन्धी जनचेतनामूलक सामग्री

लामखुट्टेको टोकाईबाट लाग्ने डेंगु रोगको संक्रमण देशको विभिन्न जिल्लाहरुमा यतिबेला व्याप्त रुपमा फैलिएको छ। ज्वरो आउने, ज्यान गल्ने, आँखाको गेडी वरपर दुख्ने, मांसपेशी एवम् जोर्नीको दुखाई यसका प्रायः देखिने सामान्य लक्षणहरु हुन् भने पेट दुख्नु, वान्ता हुनु, वान्तामा रगत देखिनु, नाक-मुखबाट रगत बग्नु, यि लक्षण सँगसँगै अल्मलिन थाल्नु, डेंगु रोगको खतराको लक्षण हुन्।

सामान्यता डेंगुको पहिलो संक्रमण हुँदा धेरै चिन्ताजनक समस्या देखिँदैन तर यसको दोस्रो, तेस्रो लगायतको संक्रमणमा चाहीँ जोखिम बढ्दै जाने हुन्छ। यस्ता बिरामीको हेलचेक्राईले बिरामीलाई अतिसघन उपचार कक्ष (आइसियु) सम्म पुऱ्याउन सक्छ भने केहिको मुत्यु नै हुन सक्ने सम्भावना पनि रहन्छ। तर सम्झनुपर्ने कुरा के हो भने; मनिसमा यसको पहिलो चोटी संक्रमण हुँदा लक्षण नदेखिन पनि सक्ने हुँदा, पहिलो संक्रमण कहिले भएको थियो भन्ने जानकारी नहुन पनि सक्छ। तसर्थ कुनै पनि डेंगुको संक्रमणलाई दोस्रो संक्रमण हुन सक्ने भनेर विशेष सतर्क हुनुपर्छ।

**यसबाट कसरी बच्ने ?**

मुख्यकुरा लामखुट्टेको टोकाईबाट बच्ने उपाय अपनाउनु, जस्तै सुत्दा झुलको प्रयोग गर्ने वा कुनै कमर्सियल रिपेलेन्टको प्रयोग गर्ने वा घरमा जालीको झ्याल, ढोका प्रयोग सकिन्छ। तर केमिकलयुक्त कमर्सियल रिपेलेन्टको प्रयोगले स्वास्थ्यमा अन्य हानी गर्ने हुँदा झुलको प्रयोग गर्नु नै उत्तम उपाय हो।

दोस्रो, लामखुट्टेको प्रजनन् नै कम गराउने उपायहरु अपनाउन सकिन्छ। जस्तै; सामान्यता डेंगु फैलाउने लामखुट्टेले लामो समयसम्म जम्मा भएर बसिरहने फोहेर पानी जस्तै; घर वरिपरीको खाल्टो, नाली, थोत्रो फालिएका टायर, फालिएका कवाडी भाडा वा सामानहरुमा जम्मा भएर बसेको पानी, प्रयोग नभएको ट्वाईलेट, लामो समयसम्म घरमै स्टोरेज गरेर राखिएको पानी लगायतको जमेर बस्ने पानीमा प्रजनन् गर्ने गर्छ। तसर्थ घर वरिपरी पानी जमेर बस्ने खालको खाल्टो पुर्ने, कुनै पनि स्रोतमा पनि जमेर बस्न नदिएर लामखुट्टेको प्रजनन् घटाउनु पनि डेंगु रोकथामको अर्को उपाय हो।

तेस्रो, डेंगु संक्रमित व्यक्तिलाई टोकेर, अर्को व्यक्तिमा सोही लामखुट्टेले टोक्यो भने मात्र डेंगु रोग एक व्यक्तिबाट अर्कोमा सर्ने गर्छ। तसर्थ डेंगु लागेको बिरामीले झुल प्रयोग गर्दा परिवारका अन्य सदस्यमा यसको संक्रमण रोक्न सकिन्छ। सबै डेंगु बिरामीमा लक्षण देखिन्छ नै भन्ने छैन। तसर्थ यस्तो संक्रमणकालिन समयमा जो कोहिलाई डेंगु हुन सक्ने कुरा ध्यानमा राखेर लामखुट्टेको टोकाईबाट बच्नु नै उत्तम उपाय हो। बिरामी सँगसँगै बसेर, हात मिएर, श्वासप्रश्वासबाट अर्को व्यक्तिमा डेंगु सर्दैन।


**उपचार के गर्ने ?**

यो रोगकै लागि मुख्य औषधी त छैन तर यसका विभिन्न उपचार पद्दती चाहीँ उपलव्ध छन्। "सामान्यता औषधी नै बनेको रहेनछ, के डाक्टरलाई देखाउनु" भन्ने खालको धारणा भने बनाउनु हुँदैन। डेंगुको लक्षण भए कम्तिमा एकपल्ट आफ्नो समस्या लिएर डाक्टरको परामर्श लिनुपर्छ। उपचारको नाममा बजारमा चलेको हल्लाहरुलाई, हल्लाकै रुपमा लिनुहोला। यस्ता कुराहरुले स्वास्थ्यमा अन्य असरहरु गर्न सक्छन्। तपाई डेंगु लागेर वा डेंगुसँग मिल्दो जुल्दो लक्षण लिएर घरमै आराम गर्नुभएको छ भने, घरमै ब्लड प्रेसर भने नियमित रुपमा जाँच्नुपर्छ। ब्लड प्रेसर कम भएको खण्डमा तुरुन्त अस्पताल गई डाक्टरसँग परामर्श लिनुपर्छ।

**डेंगुसँग नआत्तिनुस्, हेलचेक्राई नगरौं।**

**आफु बाचौं, सबैलाई बचाऔं।**

Aim of our Institution Standard & Technical Education
CTEVT CODE: 32-0462
श्री वंशगोपाल माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)
चौघडा, हेटौंडा-६, मकवानपुर
शैक्षिक सत्र २०८०/०८१ मा भर्ना खुल्यो। उत्कृष्ट नतिजा हासिल गर्नेहरुका लागि शैक्षिक सत्र २०८०/०८१ मा भर्ना खुल्यो।
CTEVT अन्तर्गत CIVIL/GEOMATICS (SURVEY) ENGINEERING
३ वर्षे DIPLOMA तह र कक्षा-११ मा नयाँ भर्ना खुल्यो
कक्षा ११ मा - SCIENCE/ MANAGEMENT/ EDUCATION / HUMANITIES
CIVIL/GEOMATICS (SURVEY) ENGINEERING
यस शिक्षण संस्थामा





★ आधुनिक, सुदृढ र पर्याप्त भौतिक सुविधा सहितको शैक्षिक वातावरण
★ आकर्षक Science Lab/ Computer Lab/ Library र प्रविधी युक्त कक्षा
★ सक्षम, अनुभवि र उच्च शैक्षिक योग्यता भएका शिक्षक/प्रशिक्षकहरु बाट अध्यापन
★ जेहन्दार र विपन्न छात्रवृत्ति सहित न्यून शुल्कमा स्कूल बसको सुविधा
★ अतिरिक्त क्रियाकलाप, शैक्षिक स्तरीयता र आर्थिक पारदर्शिता
We believe in action rather than speech.
९८४५०२९४४४, ९८४५४९०६०२, ९८४५५९८७०७, ९८४५८११५६

स्वादिष्ट नेवारी खाजा




अब
होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं।
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं।
०५७-५२६०१३

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)
हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन्। हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि।



सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

### यु-१९ फुटबल

# पहिलो चरणमा ६६ जना छानिए



समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघले १९ वर्ष उमेर समूहको किशोर खेलाडी छनोटको पहिलो चरणमा ६६ जनाको नाम सार्वजनिक गरेको छ। आइतबार र सोमबार दुइदिनको खेल कौशल प्रदर्शनपछि मकवानपुर जिल्ला फुटबल संघले ६६ जनाको नाम सार्वजनिक गरेको हो ।

छनोटमा सहभागी १ सय २१ जनामध्ये करिब आधा खेलाडी पहिलो चरणमा छनोट गरिएको मकवानपुर जिल्ला फुटबल संघका महासचिव छवी सुवेदीले जानकारी दिनुभएको छ। सुनिल लोप्चनको संयोजकत्वमा १९ वर्ष उमेर समूहको खेलाडी छनोट समिति गठन गरिएको छ । हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा भइरहेको छनोटको अन्तिम सूचि आज मंगलबार सार्वजनिक हुनेछ । जिल्लाबाट छनोट भएका खेलाडीले प्रदेशस्तरीय छनोट हुँदै राष्ट्रिय छनोट प्रक्रियामा सहभागी हुनेछ । जिल्लाबाट बढीमा ३० जना खेलाडी छनोट गरिने महासचिव सुवेदीले बताउनुभएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा) ले १९ वर्ष उमेर समूहको साफ च्याम्पियनसीपमा सहभागी हुने राष्ट्रिय टिम तयार पार्न जिल्लादेखि नै छनोटको प्रक्रिया अपनाएको हो ।

मकवानपुर जिल्लामा छनोट प्रतियोगितामा सहभागी हुन हेटौंडा बजार क्षेत्र र आसपासका साथै जिल्लाका सबै पालिका र ग्रामीण क्षेत्रबाट पनि किशोर खेलाडी सहभागी भएको महासचिव सुवेदीले जानकारी दिनुभएको छ । जिल्लास्थित एन्फा प्रशिक्षक विजयलाल श्रेष्ठसहित प्रशिक्षकहरुको समूहले खेलाडी छनोट गरिरहेको छ। जिल्लाबाट छानिएका खेलाडीलाई प्रदेशस्तरीय छनोटमा सहभागी हुन काठमाडौं पठाइनेछ । यसअघि

यसअघि १६ वर्ष उमेर समूहको छनोटको जिल्ला र प्रदेश छनोट सकिएको छ । प्रदेशस्तरीय छनोटमा मकवानपुरका १२ जना सफल भएका छन् । बागमती प्रदेश फुटबल संघको आयोजनामा बुधबार र बिहिबार एन्फा कम्प्लेक्समा भएको प्रदेशस्तरीय छनोटमा मकवानपुरबाट १२ जना खेलाडी छानिएका छन् ।

# अपेक्षित काम गर्न सकिएको छैनः मन्त्री मोक्तान



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको सामाजिक विकासमन्त्री कुमारी मोक्तानले गत वर्षहरुमा मन्त्रालयमा अपेक्षित काम हुन नसकेको बताउनुभएको छ। सोमबार मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा उहाँले यस्तो बाताउनुभएको हो ।

गत वर्षमा कोरोना, प्राकृतिक विपद, राज्य प्रणालीजस्ता विभिन्न समस्या देखाएर मन्त्रालयको उद्देश्यअनुसारको काम हुन नसकेको मन्त्री मोक्ताले बताउनुभयो। सरकारले स्थिर नीति बनाउन नसक्दा कार्य प्रणालीमा समस्या परेको बताउँदै नीति निर्माण गर्दा ध्यान दिन आवश्यक रहेको धारणा राख्नुभयो।

संघीय सरकारकै शिक्षा नीति नएको बताउँदै शिक्षालाई परिमार्जन गर्ने योजना निर्माण गरी सीटीईभीटीलाई फरक मोडलमा लान आवश्यक रहेको उहाँले बताउनुभयो। प्रदेश सरकारले यस वर्षको नीति तथा योजना निर्माण गर्दा नयाँ खालको योजना बालबालिकाको क्षेत्रमा, बेचबिखनको क्षेत्रमा, अपाङ्गता सम्बन्धमा र शिक्षा सम्बन्धमा अगाडि बढाउने नीति लिएको जानकारी दिनुभयो ।

मन्त्रालयले युवा वैज्ञानिक कार्यक्रमका लागि ऐन निर्माण गर्न २ पटकसम्म प्रस्ताव गर्दा पनि फर्काइएकाले युवाको क्षेत्रको कार्यक्रमले सार्थकता पाउन असहज हुने मन्त्री मोक्तानले बताउनुभयो। बागमती प्रदेश सरकारका मन्त्रालयले अन्धाधुन्ध बजेट निर्माण गर्ने कार्य गरेको र मागको आधारका बजेट विनियोजन भएकाले विकासले गति लिन नसकेको धारणा उहाँले राख्नुभयो । सामाजिक विकास मन्त्रालयले पाठ्यक्रम विकासको सन्दर्भमा काम गर्न नसकेको उहाँको भनाइ थियो । सामाजिक विकास मन्त्रालय एकीकृत मोडलको मन्त्रालय भएकाले युवा र खेलको क्षेत्रमा ऐन नै निर्माण गरेर काम गर्नुपर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा बोल्नुहुँदै बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले सरकारले नीति परिवर्तन गर्न आवश्यक रहेको बताउनुभएको छ। सरकारले बजेट निर्माण गर्दा कुनै लक्ष्य, उद्देश्य नराखी बजेट निर्माण गर्नाले प्रदेशले कुनै लक्ष्यमा पुग्न नसकेको धारणा राख्नुभयो ।

सामाजिक विकास मन्त्रालयले १३ वटै जिल्लाबाट सेवा दिन आवश्यक रहेको बताउँदै मन्त्रालयले यस विषयमा छलफल आयोजना गर्न मुख्यमन्त्री जमकट्टेलले निर्देशन दिनुभयो । पछिल्लो समय प्रदेश संरचना महंगो भएको जनताले अनुभूति गरेको बताउँदै सरकारले जनतालाई सहज हुनेगरी काम गर्न आवश्यक रहेको धारणा उहाँले राख्नुभयो । प्रदेशमा विद्यालय नीतिको अभाव भएको बताउँदै विद्यालयको संरचना निर्माण हुने तर विद्यार्थीको संख्या घट्दै गएकाले प्रदेश उच्च शिक्षासम्बन्धी काम गर्न निर्देशन दिनुभयो ।

सामाजिक विकास मन्त्रालय मातहतका अनावश्यक शाखाहरु घटाउनुपर्ने मुख्यमन्त्री जमकट्टेलको भनाइ छ । बागमती प्रदेश सरकारले पहिले निर्माण गरेको कतिपय ऐन नै खारेज गर्नुपर्ने अवस्थामा रहेको उहाँले बताउनुभयो । मन्त्रालयले तालिम दिने गरेको तर तालिमको परिणाम के भयो भनेर अनुगमन गर्न आवश्यक रहेको बताउँदै व्यावसायिक शिक्षा र तालिमको नीति लिएर अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो । बिनाउद्देश्य र लक्ष्य लिएर हिँड्दा प्रदेश सरकारले विकासको गति लिन नसक्ने उहाँको भनाइ छ ।

कार्यक्रममा बोल्दै बागमती प्रदेशका प्रमुख सचिव घनश्याम उपाध्यायले मन्त्रालयमा ई-हाजिरीको व्यवस्था गर्न निर्देशन दिँदै अनुगमन गरिने बताउनुभयो । कार्यालयमा आउने सेवाग्राहीलाई सहजरुपमा सेवा प्रदान गर्नसमेत उहाँले निर्देशन दिनुभयो ।

# यु-१६ फुटबल खेलाडीलाई खेल सामग्री वितरण



*खेलकूद सामग्री वितरणपछि खिचिएको तस्वीर ।*

समाज संवाददाता

हेटौंडाः जिल्ला खेलकुद विकास समिति मकवानपुरले यु-१६ फुटबल खेलाडी छनौटअन्तर्गत् प्रदेशमा छनौट भएका १२ जना खेलाडीहरुलाई खेल सामग्री वितरण गरेको छ। सोमबार एक कार्यक्रमको आयोजना गर्दै जिल्ला खेलकुद विकास समितिले १२ जना खेलाडीलाई एक-एक थान बुट र जुराफ वितरण गरेको हो ।

दोस्रो चरणमा प्रदेशमा छनौट भएका १२ जना खेलाडीहरु काठमाडौंको एन्फा कम्प्लेक्समा आज मंगलबारबाट साउन २० गतेसम्म हुने अन्तिम तथा राष्ट्रियस्तरको छनौट चरणमा सहभागी हुँदैछन् । प्रदेशमा छनौट भएका खेलाडीहरुलाई बधाई दिनुहुँदै जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीले धैर्यतापूर्वक छनौट खेल खेल्न आग्रह गर्नुभयो ।

मकवानपुरबाट एरोन गुरुङ, रवि थिङ, पवन दर्लामी, विकल राना मगर, लिसन गुरुङ, रिजन जिसी, असन प्रजा, प्रमित खत्री, उप्रान्त आले, रोशन गोले, प्रनिष भण्डारी र अमित स्याङ्तान प्रदेशस्तरीय छनोट पार गर्न सफल भएका छन् । कार्यक्रममा बागमती खेलकुद विकास परिषद्का सदस्य माधव तिमल्सिना, जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइराला र जिल्ला फुटबल संघका उपाध्यक्ष युवराज लामालगायतको उपस्थिति रहेको थियो ।

# संघीय शिक्षा ऐनको मस्यौदा आज मन्त्रिपरिषदमा पेश हुने

काठमाडौंः सर्वाधिक चासोमा रहेको संघीय शिक्षा ऐनको मस्यौदा आज मंगलबार बस्ने मन्त्रिपरिषद् बैठकमा पेश हुने भएको छ । मंगलबार बस्ने मन्त्रिपरिषद् बैठकमा ऐनको मस्यौदा पेश हुने र मन्त्रिपरिषद्ले पारित गर्नेछ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको तर्फबाट तयार पारेर मन्त्रिपरिषद्कै विधेयक समितिमा रहेको मस्यौदा मंगलबार पेश हुन लागेको शिक्षा मन्त्रालयका एक अधिकारीले जानकारी दिए । सम्भवतः मंगलबारकै मन्त्रिपरिषद् बैठकले मस्यौदा पारित गर्नेछ। र त्यसपछि आवश्यक छलफल र पारितका लागि संघीय संसदमा पेश हुनेछ ।

यसअघि तत्कालीन शिक्षामन्त्री देवेन्द्र पौडेलले मस्यौदा मन्त्रिपरिषद्मा पेश गरेका थिए। मन्त्रिपरिषद् बैठकले विधेयक समितिमा पेश गरेर थप छलफल गर्ने निर्णय गरेको थियो। त्यो बेलादेखि मस्यौदा अघि बढ्न सकेको थिएन ।

पौडेलपछिका दुई शिक्षामन्त्रीले मस्यौदामा आवश्यक संशोधन गरेका थिए । तत्कालीन शिक्षामन्त्री शिशिर खनालले आवश्यक परिमार्जन गरेरमात्र अघि बढाउने बताएका थिए। त्यसपछिका शिक्षामन्त्री अशोककुमार राईले मस्यौदालाई अध्ययन गरेर त्यसमा परिमार्जन गरेका थिए । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले समेत साउन १६ गते बस्ने संसद बैठकमा मस्यौदा पेश हुने बताएका थिए । सोही आधारमा मन्त्रिपरिषद्ले पारित गर्न लागेको हो ।

(स्रोतः रातोपाटी)

# हेटौंडा अस्पताललाई प्रतिष्ठानबाट हटाउन आग्रह

समाज संवाददाता

हेटौंडाः प्रदेश सरकारमातहतको हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट अलग गर्न राजनीतिक दलहरुले आग्रह गरेका छन् । नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा (एस) द्वारा गठित समितिले दुई महिनाको अध्ययनपश्चात् प्रतिष्ठानको वागमती प्रदेशबाट पास गरिएको ऐनमा हेटौँडा अस्पतालसँग जोडिएको विषयहरु सबै खारेज गर्न समेत अनुरोध गरेको छ।

समितिले सोमबार हेटौँडामा पत्रकार सम्मेलन गर्दै प्रतिष्ठानको आफ्नै अस्पताल निर्माण नहुँदासम्म हेटौंडा अस्पताललाई शिक्षण अस्पतालको रुपमा प्रयोग गर्न सुझाव दिएको हो । 'संविधानमा गरिएको व्यवस्था अनुसार हेटौंडा अस्पताल जनताका लागि निःशुल्क लगायतका स्वास्थ्य सेवा उपलब्ध गराउने एक मात्र संस्था भएकाले यसको अस्तित्व र सेवामा आँच आउने कुनै पनि कदम चालिनु हुँदैन ।', पत्रकार सम्मेलनमा कांग्रेस सचिव

***समितिले सोमबार हेटौँडामा पत्रकार सम्मेलन गर्दै प्रतिष्ठानको आफ्नै अस्पताल निर्माण नहुँदासम्म हेटौंडा अस्पताललाई शिक्षण अस्पतालको रुपमा प्रयोग गर्न सुझाव दिएको हो ।***

तथा समिति संयोजक भीमसेन महतले भने ।

हेटौंडा अस्पताललाई प्रादेशिक अस्पतालको रुपमा विकास गर्दै विगतमा नेपाल सरकारबाट भएको निर्णय कार्यान्वयन गर्दै तीनसय बेडमा स्तरोन्नति गरी दरबन्दी कायम गर्न समेत समितिले माग गरेको छ । प्रतिष्ठानको उद्देश्य पूरा गर्न समितिले छिट्टोभन्दा छिट्टो आवश्यक जग्गा उपलब्ध गराउन समेत प्रदेश सरकारको ध्यानाकर्षण गराएको छ । समितिले मुख्यमन्त्री शालिकराम जम्कट्टेल, सामाजिक विकास मन्त्री कुमारी मोक्तान र स्वास्थ्य मन्त्री उत्तम जोशीको ध्यानाकर्षण गराउँदै प्रतिष्ठानको सम्पूर्ण क्षमताको अध्यापन नगराउँदासम्म पाँचसय वेडको अस्पताल आवश्यक पर्ने भएकाले सोही क्षमताको अस्पतालको योजना बनाएर तत्काल काम सुरु गर्न अनुरोध गरेको छ ।

'वागमती प्रदेशमा स्वास्थ्य विज्ञान प्रतिष्ठान दर्ता भइसकेपछि स्थापना भएको मधेशमा एमबीबीएसमा पढाइ सञ्चालन भइसकेको छ। हाम्रो प्रदेशमा अझै भएको छैन ।', नेकपा (एस) मकवानपुरका सचिव ध्रुब भुजेलले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले आफ्नो उद्देश्य अनुरुपको काम तीब्ररुपमा अगाडि बढाउन जरुरी रहेको औंल्याउनुभयो । महतको नेतृत्वमा गठित समितिमा माओवादी केन्द्रका सचिव भीम पाखिन, नेकपा (एस) सचिव ध्रुब भुजेल तथा विज्ञ सदस्यको रुपमा हेटौंडा अस्पतालका निवर्तमान अध्यक्ष प्रकाश पौडेल रहेका छन् । समितिले अस्पतालमा देखिएको विकृतिको विरुद्धमा आवाज उठाउँदै सुधारका लागि प्रदेश सरकारलाई सुझाव दिने जनाएको छ ।

# दुर्घटनामा दुईजनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत मकवानपुरको मनहरी गाउँपालिका-९, ज्यामिरेमा मोटरसाइकल दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको छ। आइतबार राती ८ बजेर १५ मिनेटको समयमा मनहरी-९, ज्यामिरेमा सडक छेउमा बिग्रिएर रोकी राखेको ना ५ ख ७४७२ नम्बरको ट्रकको पछाडि भागमा चितवनबाट हेटौँडातर्फ आउँदै गरे को ना ५७ प २३१ नम्बरको मोटरसाइकल ठोक्किएर दुर्घटना भएको थियो ।

दुर्घटनामा मोटरसाइकल चालक मनहरी-९ का २२ वर्षीय शम्भु गिरी र मोटरसाइकलको पछाडि सवार २१ वर्षीय सुशील गिरीको उपचारको क्रममा पुरानो मेडिकल कलेज भरतपुरमा मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनापछि स्थानीयले अबरुद्ध गरेको राजमार्ग राती ११ बजेर १० मिनेटमा सुचारु भएको प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिनुभयो। ट्रक चालक ईलाका प्रहरी कार्यालय मनहरीको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ ।

**बाढीपहिरोबाट जोगिऔं ।**

जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदाः

- वृक्षारोपण गरौँ वनजंगल जोगाऔँ, बाढीपहिरो नियन्त्रण गरौँ ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू–क्षय रोक्ने खालका बिरुवा रोपौँ र संरक्षण गरौँ ।
- बस्ती तथा समुदायको रक्षा गरौँ ।
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔँ ।

बाढीपहिरोबाट आफू पनि बचौँ अरुलाई पनि बचाऔँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ